म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६७ बिहीबार २८ बैशाख २०८० ने. सं. ११४३ बछलागा 11 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

D Pharma - २ जना
B Pharma - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**

**मकवानपुर सहकारी अस्पताल**

हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

# जिल्लाका ६ स्थानीय तहले मात्रै गरे जग्गा वर्गीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ मकवानपुरका ६ वटा स्थानीय तहले मात्रै जग्गा वर्गीकरण गरेका छन् । बाँकी ४ वटा स्थानीय तहले अझै जग्गा वर्गीकरण गर्न सकेका छैनन् ।

जिल्लाका १० स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिका, बागमती, बकैया, मनहरी, राक्सिराङ, कैलाश, मकवानपुरगढी र भीमफेदी गाउँपालिका मालपोत कार्यालय, हेटौंडाको कार्यक्षेत्रमा पर्दछ । मापलोत कार्यालय, पालुङले भने थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिका हेर्दछ । मालपोत कार्यालय, हेटौंडाअन्तर्गत् हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा पहिला वर्गीकरण टुंग्याएको छ ।



हेटौंडापछि मनहरी, बागमती, मकवानपुरगढी, राक्सिराङ र कैलाश गाउँपालिकाले जग्गा वर्गीकरण गरेर विवरण पठाएको मालपोत कार्यालयका मालपोत अधिकृत भीम परियारले जानकारी दिए । भीमफेदी र बकैया गाउँपालिकाले जग्गा वर्गीकरण हालसम्म नगरेको परियारले बताए । भीमफेदी गाउँपालिकाले जग्गा वर्गीकरणलाई अन्तिम रुप दिन लागे पनि मालपोत कार्यालय मकवानपुरमा विवरण बुझाएको छैन । भीमफेदीका अध्यक्ष हिदम लामाले गाउँपालिकाले कित्ताअनुसार जग्गा वर्गीकरण भएकाले सच्याउनुपर्ने भएमा वडा कार्यालयसँग समन्वय गर्न आग्रह गरेका छन् । भीमफेदी गाउँपालिकाले जिल्लामै पहिलोपटक कित्ताका आधारमा जग्गा वर्गीकरण गर्न गृहकार्य गरिरहेको खुलेको छ ।

यसअघि जग्गा वर्गीकरण गरेका ६ वटा स्थानीय तहले वैज्ञानिक ढंगबाट नभई अनुमानका भरमा जग्गा वर्गीकरण गरेको पाइएको छ । भीमफेदीले जग्गा वर्गीकरणको विवरण मालपोत कार्यालय र नापी कार्यालयमा नपठाएका कारण कित्ताकाट र खरिद बिक्री हुन सकेको छैन । भीमफेदीमात्र नभई बकैया गाउँपालिका, थाहा नगरपालिका र इन्द्रसरोबर गाउँपालिकाले पनि जग्गा वर्गीकरण गर्न सकेका छैनन । जग्गा वर्गीकरण नहुँदा सर्वसाधारणले दु:ख पाउनुका साथै सम्बन्धित स्थानीय तहलाई नै राजस्व गुमिरहेको छ । थाहा नगरपालिका, बकैया र इन्द्रसरोबर गाउँपालिकाले जग्गा वर्गीकरणको गृहकार्य भने गरिरहेका छन् । सरकारले भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने योजनाले ल्याएको भूउपयोग ऐन- २०७६ मकवानपुरका ४ स्थानीय तहमा अझै कार्यान्वयनमा आउन नसकेको हो । भूउपयोग ऐन कार्यान्वयन गर्न गत २३ जेठमा सरकारले भूउपयोग नियमावली-२०७९ ल्याएपछि जिल्लाका ४ स्थानीय तह अझै अलमलमा छन् ।

नियमावली आएपछि संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कृषि क्षेत्रको संरक्षण गर्न सबै पालिकाहरुलाई आफ्नो क्षेत्रको जग्गा २३ मंसिरसम्म कृषि र गैरकृषिमा वर्गीकरण सक्न निर्देशन दिएको थियो । नियमावलीले तोकेको जग्गा वर्गीकरण मापदण्ड र जनस्तरको मागबीच मतभिन्नता भएपछि स्थानीय तहहरुले जग्गा वर्गीकरण टुंग्याउन अप्ठेरो मानिरहेको पाइएको छ । सरकारको नियमअनुसार जग्गालाई कृषि र गैरकृषिमा पनि आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी-खोला, ताल, सिमसार, सार्वजनिक उपयोग र सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्नुपर्ने उल्लेख छ ।

जग्गा वर्गीकरण गरिसकेका हेटौंडा, बागमती, मनहरी, राक्सिराङ, मकवानपुरगढी र कैलाशले पनि व्यवस्थित रुपमा वर्गीकरण नगरेको मापलोत कार्यालय हेटौंडाका कर्मचारीहरु बताउँछन् । स्थानीय तहहरुलाई छिटो जग्गा वर्गीकरण गर्न दबाब पनि परिरहेको छ । थाहा नगरपालिका प्रमुख विष्णुबहादुर विष्टले जग्गा वर्गीकरण संवेदनशील विषय भएकाले सुझाव संकलन गरेर अन्तिम रुप दिने बताएका छन् । उनले जग्गा वर्गीकरण गर्न ठूलो चुनौती देखिएको भन्दै पहिलो चरणमा जनस्तरबाटै सुझाव संकलन गरेको बताए । इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले पनि जग्गा वर्गीकरणको विषय जटिल भएकोले समयमै काम गर्न नसकिएको बताए । तल्लो तहको समस्या नै नबुझी संघीय सरकारले जग्गा वर्गीकरण गर्न नियम बनाएको पुडासैनीको गुनासो छ । जनताको चाहना र नियम फरक भएकाले जग्गा वर्गीकरण गर्न समस्या भइरहेको उनको भनाइ छ ।

स्थानीय तहमा देखिएको समस्या र संघीय सरकारको जग्गा वर्गीकरण मापदण्डका कारण नियमावली आएको झण्डै एक वर्ष हुन लाग्दा स्थानीय तहहरुले वर्गीकरण गर्न नसकेको देखिएको हो । कृषि र गैरकृषिमा जग्गा वर्गीकरण गरेपछि कित्ताकाट खुल्ने गरेको छ । भू-उपयोग नीतिको मुख्य उद्देश्य नै कृषिको संरक्षण गर्नु रहेकोले कृषि र गैरकृषि छुट्टिएपछि जग्गाको कित्ताकाट खुल्ने जनाइएको छ । कृषि क्षेत्रका रुपमा वर्गीकरण गरिएको जग्गाको कित्ताकाटको क्षेत्रफल नियमावलीले तोकेको छ ।

# बागमती प्रदेशमा दूधजोन कार्यक्रम माग

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/ वाग्मती प्रदेशका दुग्ध सहकारीले दूध उत्पादनको अवस्थाबारे हेरेर 'दूधजोन' घोषणा गरी उत्पादन अभिवृद्धि कार्यक्रम ल्याउन सुझाव दिएका छन् । गाईभैंसी पाल्ने किसानलाई उत्पादनमा उकास्ने खालका कार्यक्रम ल्याउनेदेखि गोठमै पुगेर गाईवस्तुको उपचार गर्ने कार्यक्रम र खाद्यवस्तुको मूल्य निर्धारण गर्न समेत उनीहरुको आग्रह छ।

प्रदेश दुग्ध विकास बोर्ड हेटौंडाद्वारा आगामी आर्थिक वर्ष २०८०-०८१ का लागि योजना तर्जुमासम्बन्धी छलफलमा यस्तो सुझाव आएको हो। बुधबार कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय वाग्मती प्रदेशअन्तर्गत प्रदेश दुग्ध विकास बोर्डले हेटौंडामा कार्यक्रम गरेको हो । सहभागी सहकारीका प्रतिनिधिले आगामी आर्थिक वर्ष २०८०-८१ का लागि कृषिक्षेत्रमा किसानलाई उत्साहित बनाउने योजना ल्याउन आग्रह गरेका थिए ।

हाल प्रदेशका सबै जिल्लाका गाईवस्तुमा देखिएका 'लम्पीस्किन'का कारण दूध उत्पादनमा करिब ८० प्रतिशत् ह्रास ल्याउनसक्ने भन्दै त्यसलाई रोक्न खोप ल्याउन आग्रह गरिएको थियो। कार्यक्रममा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव शरणकुमार पाण्डेले दुग्ध सहकारीका प्रतिनिधिले उठाएका विषयवस्तुलाई मसिनो ढंगबाट छलफल गरेर उत्पादन गर्ने कुरामा मन्त्रालयका तर्फबाट मुख्यमन्त्रीसँग छलफल गरिरहेको जानकारी दिए ।

पाण्डेले प्रदेश सरकारले भौतिक भन्दा पनि कृषिक्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा योजना ल्याउन आग्रह गरेको बताए । उनले भौतिक विकाससँगै कृषि पनि उत्तिकै महत्वपूर्ण भएको हुँदा आगामी वर्षमा कृषिक्षेत्रलाई प्राथमिकतामा राखेर योजना ल्याउन पहल गरिरहेको बताए । प्रदेश दुग्ध विकास बोर्ड हेटौंडाकी निमित्त निर्देशक डा. सञ्जिता ज्ञवालीले चालु आर्थिक वर्षमा गरेका कामको प्रस्तुतीकरण गरेकी थिइन्। कार्यक्रममा प्रदेशका १३ वटै जिल्लाका दुग्ध सहकारी संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

## पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

२०८० बैशाख २ देखि


- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

## केदारनाथ सुनचाँदी पसल

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

**प्रो. राहुल सुनार**

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

## प्रेस विज्ञप्ति

**आदरणीय अभिभावक तथा समग्र जिल्लाबासीहरु,**

हेटौंडा स्कुल अफ म्यानेजमेन्ट विशुद्ध तथा पवित्र शैक्षिक थलो हो । यहाँ राष्ट्रका लागि आवश्यक मानव पूँजी निर्माण गरिन्छ र त्यसका लागि यसले 'स्तरीय शिक्षा, कडा अनुशासन' भन्ने नारालाई आत्मसाथ गर्दै आएको कुरा सबैमा छर्लङ्ग छ । यस शैक्षिक संस्थाले आफ्नो स्थापनाको २८ वर्षमा मकवानपुर जिल्लाको शैक्षिक विकासमा दिएको योगदान र यसका प्रिन्सिपल पुरनबहादुर जोशीले हेटौंडालाई शैक्षिक केन्द्रको रुपमा चिनाउन गरेको कार्य कसैका सामु छिपेको छैन ।

हाल राष्ट्रिय परीक्षा बोर्डको कक्षा–१२ को वार्षिक परीक्षा सञ्चालन भैरहेको छ र यस महाविद्यालयमा अध्ययनरत छात्रछात्राहरु पनि त्यस परीक्षामा सम्मिलित छन् । यस महाविद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई शुल्ककै कारण विगतमा कहिल्यै परीक्षा रोक्ने र सामेल नगराउने कार्य भएन । अबका दिनहरुमा पनि त्यस्तो कहिल्यै हुने छैन । यस वर्षको आर्थिक मन्दी र त्यसबाट सिर्जित अवस्थाले यस महाविद्यालयले पनि आफ्ना छात्रछात्राहरुबाट उठाउनु पर्ने शुल्कहरु उठाउन केही कडा गरेकै हो । यस महाविद्यालयलाई तिर्न बाँकी रहेको त्यस्ता शुल्कहरु उठाउँदा यहाँका प्रिन्सिपल पुरनबहादुर जोशी र यस महाविद्यालयको होटेल म्यानेजमेन्ट विषय लिई पढ्ने छात्र युनिसप्रसाद श्रेष्ठका अभिभावक भुलेन्द्रप्रसाद श्रेष्ठ तथा उहाँका दम्पत्ति सम्झना श्रेष्ठबिच तिर्नुपर्ने उक्त शुल्कको विषयमा परिस्थितिवश यो घटना सिर्जना हुन पुग्यो ।

परिस्थितिवश सिर्जित सो घटनालाई केही अन्य व्यक्तिले आफ्नो मोबाइलबाट दृष्यमा कैद गरी सामाजिक सञ्जाल मार्फत् अतिरञ्जित गरिएको प्रति यस महाविद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । साथै यस महाविद्यालयका प्रिन्सिपल पुरनबहादुर जोशीले कुनै पनि बद्नियत र दूषित भावना राखेर अभिभावकलाई चोट पुर्‍याउन सो कार्य गरेको होइन र आगामी दिनमा पनि त्यस्ता खालको कार्य नहुने आम अभिभावकहरुमा विश्वस्त गरिन्छ ।


यो संस्था अभिभावकहरुकै माया र सद्भावले अघि बढेको शैक्षिक संस्था हो । यसले अभिभावकहरुसँग कहिल्यै दुर्व्यवहार गर्दैन र त्यसका लागि यहाँ कार्यरत कोही कसैलाई प्रोत्साहित गर्दैन तर पनि परिस्थितिवश बैसाख २५ गते सिर्जना भएको उक्त घटनाबाट यहाँ अध्ययनरत विद्यार्थी युनिसका अभिभावकको आत्मसम्मानमा तथा अति रञ्जना गरी प्रशारित त्यस भिडियो लिंकबाट सिर्जित अवस्थाले यस महाविद्यालयसँग जोडिनु भएको सम्पूर्ण अभिभावकहरुको भावनामा कुनै प्रकारको चोट पर्न गएको भए त्यसका लागि महाविद्यालय परिवार क्षमा याचना गर्दै यो प्रेस विज्ञप्ति प्रकाशन गर्दछ । त्यसैगरी यस घटनासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका कुनै पनि व्यक्तिहरुप्रति महाविद्यालय परिवारको कुनै आग्रह पूर्वाग्रह नरहेको व्यहोरा यसैसाथ अवगत गराउँदछौं । धन्यवाद।

हेटौंडा स्कुल अफ म्यानेजमेन्ट
हेटौंडा, मकवानपुर ।

## घडेरीहरु बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

हाम्रो कुरा

# बिकल्पको बाटो हेटौंडा-धरान-चतरा

सुनसरी, उदयपुर, सिन्धुली र मकवानपुरका भित्री उपत्यकाहरु जोड्ने सडक पूर्व-पश्चिम राजमार्गको विकल्पका रुपमा हेरिएको छ । यो सडक हेटौंडाबाट सुरु भएर भित्री मधेस, चुरेभावर, शिवालिक तथा दून उपत्यकालाई यातायात सञ्जालमा जोड्दै धरान पुगेर टुंगिन्छ। धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा ३ सय १८ किमि सडक दुई लेन निर्माण भएको छ । ११ मिटर चौडा बनाइएको यो सडक तीन वर्षभित्र विस्तार गरिसक्ने बताइएको थियो। तर, ५ वर्षमा सम्पन्न हुँदैछ। अन्य आयोजनाको तुलनामा यो सडकको निर्माण कार्य धेरै छिटो सम्पन्न भएको मान्नुपर्छ। यो सडक सुनसरीमा १८.८ किमि, उदयपुरमा १ सय ८.५ किमि, सिन्धुलीमा १ सय ३५ किमि र मकवानपुर जिल्लामा ४९.३५ किमि पर्छ।

२०७६ जेठ ६ गतेको मन्त्रिपरिषद् निर्णय अनुसार यो राजमार्गको रेखांकन बाहुनडाँगी-शान्तिनगर-धरान-चतरा-गाईघाट-कटारी-सिन्धुलीमाडी-हेटौंडा-गैंडाकोट-रामपुर-रामदी-रिडी-बलकोट-सन्धिखर्क-बिजुवार-सितलपाटी-सुर्खेत-बड्डीचौर-बडुर-जोगबुढा-रुपाल जोड्ने सडक निर्माण गर्ने योजना थियो । तर, सरकारले हेटौंडाबाट पश्चिमतर्फको सडकखण्डलाई प्राथमिकतामा राखेको छैन । सडक दुई लेन विस्तार गरेर स्तरोन्नति गरिएको हो । सिन्धुलीबाट सडकको पूर्वी खण्डमा ४३ र पश्चिमी खण्डमा ३३ वटा पुल निर्माण गरिएको छ । पश्चिम खण्डको १ सय १५ किलोमिटरमा ३३ वटा पुल, ५७ स्थानमा कजवे, ३ सय ९७ वटा ह्युम पाइप, १९ वटा बक्स कल्भर्ट, ४ वटा स्ल्याब कल्भर्ट रहेका छन्। तीन वर्षमा पूरा गर्ने लक्ष्य राखिएको उक्त राजमार्ग निर्माणको जिम्मा पश्चिम खण्डतर्फ कालिका, स्वच्छन्द, रकेन जेभी र पूर्वी खण्डतर्फ जेट आइइसी शर्मा एन्ड लामा जेभीले लिएको थियो। एघार मिटर चौडाइको सडक दुई पत्रमा पिच गरिएको छ। पहिलो लेयरमा ११ मिटर चौडाइमै र दोस्रो लेयरमा त्यसमाथि सात मिटर चौडाइमा पिच गरिएको हो । सडक निर्माण सन्तोषजनक ढंगले अगाडि बढेको स्थानीयले बताएका छन् । राजमार्गको रेखांकन चुरे क्षेत्रलाई आधार मानेर गरिएको थियो । महेन्द्र राजमार्गको समानान्तर र उत्तरतर्फ पूर्व-पश्चिम भएर जाने यो राजमार्गलाई बाह्रै महिना प्रयोग गर्न सकिने गरी निर्माण गरिएको छ ।

यो सडक बनेसँगै चुरेको वन क्षेत्र र आसपासमा रहेका भूमिहरु कृषि, पशुपालन, उद्योग तथा वस्ती विकासको लागि उपयुक्त भयो। महेन्द्र राजमार्ग र मध्यपहाडी राजमार्गको बीचबाट जाने अन्य उत्तर-दक्षिण राजमार्गसँग पनि जोडिने हुँदा यो राजमार्गले हिमाल, पहाड र तराईलाई राष्ट्रिय यातायातको सञ्जालमा जोडेको छ। यसलाई सरकारले उच्च प्राथमिकतामा राखेर निर्माण कार्य थालनी गरेको थियो। वि.सं २०७३ कात्तिकमा सम्झौता भएको यो राजमार्गको निर्माण गर्न विभिन्न समयमा अवधि थप भयो । थपिएको ममय अनुसार २०७७ फागुनभित्र सडक सम्पन्न गर्नुपर्ने थियो । तर, कोरोना महामारीका कारण निर्माण अवधि पुन:थप गरियो। २०६४ मा तराई आन्दोलनको प्रभावले यो राजमार्गको अवधारणा आएको हो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २९ गते शुक्रबार १२ मे २०२३ । सप्तमी, ज्येष्ठ कृष्णपक्ष । बछलागा ११४३ ने.सं. । सूर्योदय ५:१९, सूर्यास्त ६:४३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा बाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# आगामी वर्षको बजेटलाई सुधारको प्रस्थान विन्दु बनाउनुपर्छ



✍ चन्द्र ढकाल

मुलुकको वृहत् आर्थिक परिसूचकहरूले अर्थतन्त्र प्रतिकुलतातिर गइरहेको देखाइरहेको समयमा हामी आगामी आर्थिक वर्षको बजेटको तयारी गर्दैछौं । मूलत: उद्योग, निर्माण र व्यापार क्षेत्रमा देखिएको सङ्कुचनले पछिल्ला तीन त्रैमासमा अर्थतन्त्र ऋणात्मक रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको तथ्याङ्क छ । यसले मुलुक मन्दीतर्फ उन्मुख भइरहेको देखाएको छ ।

तर म प्रतिकुलतामा सम्भावना खोज्ने व्यक्ति हुँ । तीन त्रैमासमा अर्थतन्त्र ऋणात्मक भए पनि यस वर्ष १.८६ प्रतिशत वृद्धि हुने प्रक्षेपण कार्यालयको छ । अबका दिनमा अर्थतन्त्रमा सुधार हुँदै जाने आधारमा यो प्रक्षेपण गरिएको हुनुपर्छ । मलाई पनि आशा एवं विश्वास छ, अब अर्थतन्त्र बिस्तारै लयमा फर्किंदै जानेछ । मैले नेपाली अर्थतन्त्रमा सम्भावना देख्नुका पछाडि केही आधार छन् । २०७२ को विनाशकारी भूकम्पपछि दुई वर्ष लगातार ७ प्रतिशतभन्दा बढी आर्थिक वृद्धि भएको थियो ।

अर्को, पछिल्लो कोभिड १९ महामारी पछिको पहिलो वर्ष ४ र दोस्रो वर्ष पाँच प्रतिशत वृद्धि सम्भव हुनु नेपाली अर्थतन्त्र रेजिलेन्ट हुनुको उदाहरण हो । नेपाली अर्थतन्त्रमा केही मूलभूत: गुण छन्, जुन अन्यत्र विरलै पाइन्छ । हामीकहाँ स्वच्छ र नवीकरणीय ऊर्जाका प्राय: सबै स्रोत उपलब्ध छन् । हरेक प्रकारको खेती गर्न सकिने मौसम र भू-बनोट छ । नेपालमा सञ्चालित प्राय: सबै बहुराष्ट्रिय कम्पनी नाफामा छन् । नेपालीहरूको सरदर उमेर २४ वर्ष छ, अर्थात् यो युवाहरूको देश हो ।

विश्वका दुई ठुला बजारसँग सीमा जोडिएको मात्र नभई भन्साररहित पहुँच पनि छ । हालसम्म युरोप अमेरिका लगायत बजारमा पनि नेपाली उत्पादनले भन्साररहित पहुँच पाउँछन् । सबै मौसममा पर्यटकहरू रमाउन सक्ने वातावरण छ । यस्तो अवस्थामा हामी गरिब भई रहनुपर्ने कुनै कारण देखिँदैन । तर केही व्यवस्थापकीय, केही नियामकीय समस्या छन् । राजनीतिक अस्थिरता र सुशासनको अभाव छ । सबैभन्दा ठुलो कुरो निजी क्षेत्रमाथिको विश्वास एकदमै न्यून छ ।

हामी सबैलाई थाहा छ, कुल गार्हस्थ्य उत्पादनमा निजी क्षेत्रको भूमिका ८१ प्रतिशत छ । राजश्व सङ्कलन र रोजगारीमा पनि निजी क्षेत्रको त्यति नै हिस्सा छ । भारत, चीन, रवान्डा, बंगलादेशजस्ता मुलुकमा गरिबी तीव्र गतिमा घट्नुका मुख्य कारण निजी क्षेत्रको नेतृत्वमा आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउनु हो । अब आउने नीतिहरूले त्यो आँट गर्नुपर्छ । हामी यत्तिकै बस्यौ भने अर्थतन्त्रमा सुधार हुँदैन । यो सुधार तत्कालै आउने मौद्रिक नीतिको चौथो त्रैमासिक समीक्षा, आगामी आर्थिक वर्षको बजेट र मौद्रिक नीति मार्फत गरिनुपर्छ ।

मैले महासंघको नेतृत्व सम्हाल्दै गर्दा यी विषयलाई आफ्नो प्राथमिकतामा राखेको छु । पहिलो विद्यमान आर्थिक अवस्थामा सुधारका लागि तत्कालीन सुधारका उपाय अबलम्बन गर्नुपर्छ । सँगसँगै, आगामी दिनमा पनि यस्तो समस्या आउन नदिने केही संरचनात्मक सुधार अहिले नै आवश्यक छ । जस्तो कि हामीकहाँ सात प्रतिशत माथिको आर्थिक वृद्धि हुँदा तरलतामा चाप पर्ने गरेको छ । त्यसैले बजारमा निरन्तर रकम प्रवाह भइरहने उपायको खोजी गरिनुपर्छ ।

त्यसैले हाम्रो दोस्रो प्राथमिकता, स्वदेशी र विदेशी लगानीलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गर्नु हो । नेपालमा वार्षिक करिब २० अर्ब विदेशी लगानी आउने गरेको छ । नेपालजस्तै अतिकम विकसित मुलुकहरू बंगलादेश, क्याम्बोडिया भन्दा यो दश गुणा कम लगानी हो । सन् २०१९ मा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन नयाँ ल्याइयो । एकद्वार केन्द्र पनि स्थापना गरियो । तर पनि लगानी बढ्न सकेन । रोजगारी र राजश्वका लागि मात्र नभई निर्यात बढाउन पनि विदेशी लगानी अपरिहार्य रहेको विश्व बैंकले गत वर्ष सार्वजनिक गरेको एक प्रतिवेदनले देखाएको छ ।

उक्त प्रतिवेदनले सन २०२० को निर्यातका आधारमा १२ गुणा निर्यात बढाउन सकिने आधार पेश गरेको छ । तर यसको एउटा शर्त विदेशी लगानी विस्तार गर्नु पनि हो, जसले उच्च मूल्य अभिवृद्धिसँगै प्रविधि आकर्षित गर्नेछ । नेपालले विश्व व्यापार संगठनको सदस्यता लिएयता निर्यात मात्र तीन गुणा बढेको छ । जबकि आयात ८ गुणासम्म बढ्यो । निर्यात बढाउन तीन पटक रणनीति वने । तर पनि उपलब्धि हासिल हुन सकेको छैन ।

यसैबीच नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछ । त्यसपछि विशेष गरी युरोप र अन्य विकसित मुलुकमा पाइरहेको भन्साररहित सुविधा गुम्न जानेछ । साना तथा मझौला उद्यमी यसबाट बढी प्रभावित हुनेछन् । यसबारे महासंघले अध्ययन गरेको छ । रणनीति तयार पारि मुख्य पाँच विषय सम्बोधन गर्नुपर्ने हाम्रो राय छ । लक्षित उपलब्धि हासिल गर्न सरकार र निजी क्षेत्रको सहकार्य नभई सम्भव छैन । यस दिशा गत साउनमा हामीले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग आर्थिक रूपान्तरणका लागि सार्वजनिक निजी साझेदारी गरेका छौं ।

अर्को दक्ष जनशक्ति उत्पादनमा हामीले विशेष ध्यान दिनु जरुरी छ । नेपाल श्रमशक्ति सर्वेक्षणले मुलुकमा ११ प्रतिशत पूर्ण बेरोजगारी देखाएको छ । अर्ध बेरोजगारी त धेरै बढी छ । यता, उद्योग व्यवसायले दक्ष जनशक्ति पाइरहेका छैनन् । वैदेशिक रोजगारीमा जाने ७४ प्रतिशत युवा अदक्ष छन् । त्यसैले आय बढाउन दक्षता बढाउनु आवश्यक छ । अर्को निजी क्षेत्रको मर्यादाको विषय छ ।

हामीले यसपटकको बजेट सुझाव तयार पार्दा पनि यी विषयलाई विशेष प्राथमिकता दिएका छौ । पहिलो विद्यमान आर्थिक अवस्थामा सुधार ल्याउनु आवश्यक छ । त्यसका लागि ब्याजदर स्थायित्व, कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण आवश्यक छ । यससँगै निर्माण, उद्योग एवं साना उद्योगहरूलाई पुनर्कर्जा आवश्यक परेको छ । सरकारले पुँजीगत खर्च बढाइ अनुत्पादक खर्च घटाउनुपर्छ । स्रोत सुनिश्चितता नभएका अनावश्यक दायित्व सिर्जना हुने कार्यक्रम आगामी बजेटमा समावेश गरिनु हुँदैन । न्यून पुँजीगत खर्च रहने गरी बजेटको आकार बढाउँदा राजश्वले थेग्न सक्दैन ।

यसैगरि रेमिट्यान्स विशेष प्रवर्द्धन कार्यक्रम मार्फत औपचारिक माध्यमबाट बढीभन्दा बढी रेमिट्यान्स भित्र्याउने योजना आवश्यक छ । देशभित्र विशेष गरी सानो आय भएका व्यक्तिहरूले प्रयोग गर्ने रेमिट्यान्स सेवा जुन रोकिएको छ, त्यसलाई सुचारु गर्नुपर्छ । बाह्य क्षेत्र सन्तोषजनक रहेकाले तत्काल मन्दीबाट बाहिर आउन सकिन्छ । मौद्रिक र वित्तीय नीतिले बजारमा माग सिर्जना गर्न सकिने उपकरण ल्याउनुपर्छ । आगामी आर्थिक वर्षदेखि अर्थतन्त्रमा क्रमश: सुधार देखिँदै जानेछ ।

सङ्कट दीर्घकालीन सुधारको अवसर पनि हो । पुनर्संरचनाको आधार हामी अहिलेको बजेटबाट तयार पार्न सक्छौ । आर्थिक रूपान्तरणका लागि निजी क्षेत्र प्रवर्द्धन नगरी सम्भव छैन । त्यसमा हाम्रो विशेष ध्यान आवश्यक छ । तुलनात्मक लाभ भएका लगानीका क्षेत्र र नयाँ ठाउँमा पनि निजी क्षेत्रलाई अवसर दिइनुपर्छ । जस्तो कि नेपालको फलाम लगायत खनिजजन्य पदार्थको उत्पादन एवं निर्यातमा विशेष कार्यक्रम आवश्यक छ । विभिन्न खोलाहरूमा गिटी ढुंगा बालुवा थुप्रिएका छन् । एक अध्ययनले यसको उपयोगबाट वार्षिक करिब दुई अर्ब डलर आर्जन गर्न सकिने सम्भावना देखाएको छ । वातावरणीय प्रभाव न्यूनीकरण गरी यी तुलनात्मक लाभका वस्तुहरूलाई हामीले प्रवर्द्धन गर्नुपर्छ ।

उच्च मूल्य अभिवृद्धि हुने पर्यटन विकासका लागि बिजनेस र लिजर अर्थात् ब्लिजर पर्यटनलाई बढावा दिइनुपर्छ । प्रकृतिसँग नजिकिने पर्यटक बढ्ने हुँदा पर्यटन पूर्वाधार निर्माणमा सरकारी सहयोग आवश्यक हुनेछ । विगत १५ वर्षमा आधा घटेको अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको हिस्सा बढाउन विशेष कार्यक्रम आवश्यक छ । यस्ता उद्योगलाई सहज र सस्तो दरमा बिजुली उपलब्ध गराई प्रतिस्पर्धी बनाउन सकिन्छ । नीतिगत र व्यवहारिक समस्या समाधानका उपाय अवम्बन गर्नुपर्छ ।

साना तथा मझौला उद्यम प्रवर्द्धन गर्न परियोजना कर्जा, करमा सहुलियत, बजार विविधीकरणमा सहयोग पुर्‍याउनु आवश्यक छ । साना उद्यमको संरक्षण दिगो अर्थतन्त्रको निर्माण हो । किनभने यहाँ थोरै लगानीमा रोजगारी सम्भव छ । भोलिका ठुला उद्योग यिनै हुन । जसले थप अवसर सिर्जना गर्नेछन् । यो किन पनि आवश्यक छ भने अबको २० वर्षमा हामी युवाहरूको देशको लाभबाट वञ्चित हुनेछौ । त्यसैले गाउँगाउँसम्म रोजगारी र स्वरोजगारी यिनै उद्यमको विकासबाट सम्भव छ । अर्को कृषि हो । कृषि खाद्य सुरक्षाका लागि मात्र नभई उद्योगहरूका लागि पनि कच्चा पदार्थ हो । तर कृषिमा हालसम्म हामीले अवलम्बन गरेका नीति तथा कार्यक्रमले प्रभावकारी नतिजा निकाल्न सकेको छैन । त्यसैले कृषिको इकोसिस्टममै सुधार आवश्यक छ । मुख्य पाँच वा दश यस्ता कृषि वस्तुको पहिचान गरौं जसको आयात प्रतिस्थापन गर्न सकिन्छ । तिनमा विशेष कार्यक्रम आवश्यक हुनेछ ।

यसबाहेक, सर्वसाधारण र व्यवसायीले सरकारबाट पाउने सेवाको गुणस्तरका विषयमा बारम्बार गुनासो गरिरहेको हुन्छ । अब प्रविधिको उच्चतम प्रयोगबाट सुशासन कायम गर्ने तर्फ बजेटले विशेष पहल गर्नु आवश्यक छ । नीतिगत सुधारले राजश्व प्रशासन र सङ्कलनमा पनि सुधार हुनेछ । राजश्व सम्बन्धी विभिन्न कानुनी व्यवस्थाहरू कार्यान्वयनका क्रममा उद्यमी व्यवसायीले नीतिगत र प्रक्रियागत समस्या भोग्नु परिरहेको छ । यस्तो अवस्थामा एकीकृत कानुन निर्माणसँगै कर प्रशासनको पुनर्संरचना, प्रविधिको प्रयोग र दर समायोजन आवश्यक छ ।

धेरै मुलुकले लगानी आकर्षित गर्न संस्थागत आयकरको दर घटाइसकेको सन्दर्भमा प्रतिस्पर्धी व्यावसायिक वातावरणका लागि नेपालमा पनि दर घटाउन आवश्यक छ । यसैगरि द्वन्द्वका बेला बढाइएको मूल्य अभिवृद्धिकरको दरलाई अहिलेसम्म समायोजन गरिएको छैन । यसमा समय सापेक्ष सुधार आवश्यक छ । यो व्यवसायीको हितका लागि मात्र होइन । यसले उपभोक्ताको क्रयशक्ति बढ्छ र समग्र अर्थतन्त्रमा गुणात्मक प्रभाव पर्नेछ ।

मैले माथि पनि भने सङ्कट सुधारको अवसर पनि हो । किनभने यो समयमा सबैले सुधारको अपेक्षा गरेका हुन्छन् । साथ पनि प्राप्त हुन्छ । विगत ४५ वर्षमा प्रतिव्यक्ति आय औसत आम्दानी दक्षिण एसियामा सबैभन्दा कम दरमा बढेको छ । यस अवधिमा आर्थिक वृद्धिदर ४ प्रतिशतभन्दा कम रहयो । अब पनि हामीले छलाङ लगाउन सकेनौ भने धेरै पछाडि पर्नेछौ । आगामी आर्थिक वर्षको बजेटलाई सुधारको प्रस्थान विन्दु बनाउनुपर्छ । *साभार: रातोपाटी*

# शरणार्थी मामिलामा प्रहरीलाई निष्पक्ष अनुसन्धान गर्न देऊ

✍ गौरव पोखरेल

मंगलबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रमुख तीन दलका शीर्ष नेताबीच भेटवार्ता भयो ।प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटमा के के विषयमा छलफल भयो स्पष्ट भइसकेको छैन । प्रधानमन्त्रीको सचिवालयले भने 'समसामयिक विषय'मा छलफल भएको जनाएको छ । तर, यो भेट यस्तो बेलामा भएको छ, जतिबेला नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउँछु भन्दै असूली गरेको ठगी प्रकरणमा प्रमुख प्रतिपक्षी दलका नेकपा एमाले र सत्तारुढ नेपाली कांग्रेसका केही नेताको नाम मुछिएको छ ।

नेकपा एमालेका सचिव टोपबहादुर रायमाझीविरुद्ध जिल्ला अदालत, काठमाडौंबाट पक्राउ पूर्जी नै जारी भइसकेको छ । उनका छोरा सन्दीप रायमाझीलाई प्रहरीले २० वैशाखमा बुटवलबाट पक्राउ गरेको छ । नेपाली कांग्रेसका केही नेताहरुको नाम पनि सतहमा आएका छन् । यद्यपि, हालसम्म प्रहरीले बाहिर सार्वजनिक भएजस्तै उनीहरुविरुद्ध आधार, प्रमाणहरु नभेटिएको बताइरहेको छ । शरणार्थी मामिलामा अहिलेसम्म प्रहरीले अनुसन्धान पूरा भएको छैन । अनुसन्धान पुरा हुन नपाइ कुनै निष्कर्ष निकाल्नु हतार हुनेछ ।

तर, यो बीचमा दलीय स्वार्थ अनुसार प्रहरी अनुसन्धान नै प्रभावित बनाउने गरी नेताहरुले सार्वजनिक अभिव्यक्ति दिने, भेटघाट र छलफल गर्ने जस्ता काम गरिरहेका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सोमबार सरकारमाथि गम्भीर प्रश्न गरेका छन् । उनले अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठाउँदै एमाले नेताहरुलाई फसाउन र अरुलाई उम्काउन खोजेको बताएका छन् ।

पार्टीसम्बद्ध राष्ट्रिय युवा संघको बैठकलाई करिब ४५ मिनेट सम्बोधन गरेका ओलीले आफ्नो सम्बोधनको झण्डै १५ मिनेट शरणार्थी प्रकरणबारे बोल्नमा खर्चिएका थिए । त्यसो त उनले बालुवाटार गएर प्रधानमन्त्री प्रचण्डलाई यसअघि दुई पटक भेट गरिसकेका छन् । भेटमा उनले शरणार्थीबारे चासो राखेको प्रधानमन्त्री प्रचण्ड स्वयंले खुलाएका छन् । आइतबार भएको भेटपछि प्रचण्डले भनेका छन्, 'उहाँले आफ्नो कन्सर्न राख्नु भयो, मैले आफ्नो जनरल कुरा राखेँ । म दबाबमा पर्दिन, कारबाही अघि बढ्छ ।' ओलीले त्यसको जवाफमा प्रधानमन्त्री प्रचण्डले हिरोइजमको व्यापार गरेको भन्दै भनेका छन्, 'स्टन्टबाजी गर्ने होइन, छानबिन गरेर दोषीमाथि कारबाही गर्नुपर्‍यो । म प्रधानमन्त्रीलाई चुनौति दिएर भन्छु, दोषीका विरुद्ध उभिने हिम्मत देखाउनुस्, प्रतिपक्षका विरुद्ध होइन ।' ओली सरकारले दुई जनालाई पक्राउ गरेर छाडिएको सूचना आफूले पाएको जिकिर गरेका छन् । 'अस्ति नै गिरफ्तार भइसकेपछि किन मान्छे छोडिए ? किन मुद्दा स्थगित गरियो ? अब अहिले बयान हेरेफर के-के हुँदैछ ?', ओलीले प्रश्न गरेका छन् ।

सोमबार बसेको प्रतिनिधिसभा बैठकमा सांसद् अमरेशकुमार सिंहले भ्रष्टाचारबारे बोल्न नपाएको भन्दै अर्धनग्न बनेर प्रदर्शन नै गरे । अनुसन्धान भइरहेका विषयमा सार्वजनिक खपतका लागि बोल्ने होडमा सांसद् मात्रै छैनन्, नेपाल प्रहरीकै पूर्वप्रहरी उच्च अधिकृत विज्ञानराज शर्माले पनि बालकृष्ण खाँण गृहमन्त्री भएका बेला दुई जनालाई छुटाइएको भन्दै टिकटक भिडियो नै बनाए । प्रहरी स्रोतबाट प्राप्त जानकारी अनुसार ११ महिना अघि १८ जेठ २०७९ मा यो प्रकरणका एक जना आरोपी सन्देश शर्माविरुद्ध पीडितले जोहरी दिएका थिए । त्यसका आधारमा प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले अनुसन्धान थालेको थियो । त्यसक्रममा यो प्रकरणमा मुछिएका ललितपुरका सानु भण्डारी र पाँचथरका टंक गुरुङलाई बोलाइएको थियो । उनीहरुविरुद्ध जाहेरी नभएकाले प्रहरीले त्यसबेला मुख्य आरोपी शर्मालाई ल्याउन सहयोग गर्ने सर्तमा दुई जनालाई छाडेको थियो ।

तर, पूर्वप्रधानमन्त्री ओली र प्रहरीका जिम्मेवार पूर्व उच्च अधिकृत शर्माले 'मिसलिडिङ' सूचना सार्वजनिक मञ्चमा राखेका छन् । प्रहरीले निष्पक्ष अनुसन्धान गरोस् भनेर संसद्ले दबाब दिनु स्वभाविक हो । तर, अहिले सार्वजनिक खपतका लागि मात्र बोल्ने र बाहिर अनुमानका भरमा आएका नामहरुमाथि बहस गर्ने काम भइरहेको छ । जसले अनुसन्धानलाई सहयोग गर्दैन, बरु अझ 'मिसलिड' गर्छ ।गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि कसैलाई छाडिन्न भन्दै अभिव्यक्ति दिइरहेका छन् । पक्राउ पूर्जी जारी भएका व्यक्तिहरुबारे पहिल्यै सूचना सार्वजनिक भइरहेको छ । अनुसन्धानका आधारमा जे देखिन्छ, त्यस अनुसार नियन्त्रणमा लिन र मुद्दा चलाउन प्रहरी स्वतन्त्र हुनुपर्छ । को नियन्त्रणमा आउँछन् ? को आउँदैनन् ? भन्ने विषय प्रहरी अनुसन्धानको दायरा भित्रको मामिला हो । गृह मन्त्रालयले उत्ताउलो व्याख्या वर्णन गर्ने बिषय होइन । गृह मन्त्रालय नेपाल प्रहरीको अभिभावक निकाय हो, उसले नीतिगत रुपमा नेपाल प्रहरीलाई मार्गदर्शन गर्न सक्छ । तर, प्रहरीको अनुसन्धान अधिकृतलाई प्रभावित गर्ने, कुनै निस्कर्ष निकाल्न दबाब दिने जस्ता काम ऊबाट अपेक्षित हुन्न ।

तर, अहिले प्रहरीभन्दा बाहिरबाट आइरहेको अभिव्यक्तिले अनुसन्धानलाई प्रभावित बनाउन सक्ने जानकारहरु बताउँछन् । नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तमराज सुवेदी अनुसन्धानको विषयमा सम्बन्धित अधिकृत वा त्यससँग जोडिएका व्यक्तिबाहेकबाट आउने जथाभावी टिप्पणीले अनुसन्धानलाई प्रभावित पार्ने बताउँछन् ।

'अझ राज्य सञ्चालन गर्ने तहमा भएका र प्रमुख पार्टीका नेताहरुले नै जथाभावी अभिव्यक्ति दिनुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव परिहाल्छ', उनले भने, 'प्रहरीले स्वतन्त्र रुपमा अनुसन्धान गरोस् भन्ने सबैको चाहना हो भने यस्ता क्रियाकलाप तत्काल रोक्नुपर्छ, नभए यो प्रकरण पनि चर्चित साढे ३३ किलो सुन जस्तै हुन्छ ।' उर्लाबारी, मोरङका सनम शाक्य २०७४ साल फागुनमा मारिएपछि साढे ३३ किलो सुन प्रकरण सतहमा आएको थियो । गृह मन्त्रालयले छानबिनका लागि उच्च स्तरीय समिति बनायो, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'ले ठूला माछा समात्न लागेको भन्दै अनुसन्धान भइरहेको विषयमा अभिव्यक्ति दिए । यो अभिव्यक्तिले अनुसन्धानलाई यति प्रभाव पार्‍यो कि गृहमन्त्रीले संकेत गरेका 'शक्तिशाली' व्यक्तिसम्म प्रहरी पुग्नै नसक्ने अवस्था बन्यो । 'अन्तिममा यो प्रकरण नै हात्ती आयो, हात्ती आयो फुस्सा जस्तो भयो', सुवेदी भन्छन् ।त्यसैले कसैसँग केही सूचना भए अथवा अनुसन्धानमा शंका भए अनुसन्धान अधिकृत वा सम्बन्धित युनिटका प्रमुखसँग छलफल गर्नुपर्ने सुवेदी बताउँछन् । 'बाहिर भेटेर वा त्यस्ता भेटबारे सार्वजनिक गराएर त अनुसन्धान मात्रै प्रभावित हुन्छ', उनी थप्छन् । राजनीति जोडिएका छिटपुट विषयबाहेकका घटनामा नेपाल प्रहरीले आफूलाई अब्बल साबित गराएको छ । विना दबाब अनुसन्धान हुने हो भने प्रहरीले अधिकांश घटनामा नतिजा दिएकै छ । तर, सार्वजनिक खपतका लागि अहिले भइरहेका बहस, दिनैपिच्छे जसो शीर्ष नेताबीच भइरहेको छलफलले अनुसन्धानलाई मनोवैज्ञानिक रुपमा मात्रै होइन, सोझै प्रभावित पार्छ ।

नक्कली भुटानी शरणार्थी प्रकरण एउटा व्यक्ति वा समूह मात्र जोडिएको अपराध होइन । यो राज्य संयन्त्रकै मिलेमतोमा भएको गम्भीर अपराध हो । शरणार्थी मामिला नेपालसँग मात्र जोडिने विषय पनि होइन, यो संयुक्त राष्ट्र संघ र अमेरिकासँग पनि जोडिएको मामिला हो । यसले मुलुकको अन्तर्राष्ट्रिय छविलाई नै धुमिल बनाउनसक्छ । त्यसैले पनि प्रहरीलाई स्वतन्त्र भएर यसमा अनुसन्धान गर्न दिनु सबै राजनीतिक दलको जिम्मेवारी हो । यस्तो गम्भिर विषयमा प्रहरीलाई अपरेशनल स्वायत्तता दिनुपर्छ ।

'अपरेशनल अटोनमी नेपाल प्रहरीले वर्षौं पहिलेदेखि उठाउँदै आएको विषय हो', पूर्वएआईजी देवेन्द्र सुवेदी पनि भन्छन्, 'राज्यको नीतिगत तहले प्रबर्द्धन र संरक्षण गरेको संगठित ठगी र मानव तस्करी गराउने आपराधिक साँठगाँठको पटाक्षेप गर्न प्रहरीले अब अपरेशनल अटोनमी प्रयोग गर्ने आँट गर्नुपर्छ ।' प्रहरीका अनुसन्धान अधिकृतहरुले यसका लागि कसैको धम्की र प्रभावमा नआत्ती व्यवसायिक दृढतामा अडिनुपर्ने उनी बताउँछन् । फौजदारी अभियोग लागेपछि अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प बयान दिन आफैं अदालत हाजिर भए । नारा, जुलुस त्यहाँ पनि भएका थिए, तर कुनै प्रभाव परेन । पूर्वएआईजी देवेन्द्र सुवेदीले भन्न खोजेको 'अपरेशनल अटोनमी' पनि यही हो । (बाकी ३ पेजमा)

# पूर्वगृहमन्त्री खाँड र ठगगिरोह कनेक्सन: पन्थी कार्यदलको प्रतिवेदन गृहबाटै गायब

काठमाडौं / नेपाली कांग्रेसका नेता बालकृष्ण खाँण गृहमन्त्री भएका बेला मन्त्रिपरिषद्‌ले कार्यान्वयनमा लैजाने निर्णय गरिसकेको पन्थी कार्यदलको प्रतिवेदन गृह मन्त्रालयबाटै गायब बनाएको खुलेको छ । रामबहादुर थापा बादल गृहमन्त्री भएका बेला पूर्वसहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदलले बुझाएको प्रतिवेदनको हार्डकपी नै मन्त्रालयमा छैन । ठगी गर्ने गिरोहले बनाएको फर्जी प्रतिवेदनको हार्डकपी मन्त्रालयमा भेटिएकोछ, जसमा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाइदिन्छु भन्दै अमेरिका पठाउने गिरोहले रकम उठाएकाहरुको नाम समावेश छ ।





भुटानी शरणार्थी समस्याको दीर्घकालीन समाधान गर्न भन्दै गृह मन्त्रालयले ३० जेठ २०७६ मा पन्थीको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गरेको थियो । कार्यदलले २०७६ कात्तिकमा तत्कालीन गृहसचिव प्रेमकुमार राईलाई 'भुटानी शरणार्थी समस्याको स्थायी र दीर्घकालीन समाधानका उपायहरु पहिल्याउन गठित कार्यदलको प्रतिवेदन' बुझाएको थियो ।

पन्थी नेतृत्वको कार्यदलसमक्ष ८७५ जनाले शरणार्थी गणनामा छुटेको भन्दै निवेदन दिएका थिए । तर कार्यदलले प्रमाण नभेटिएको भन्दै उनीहरुको नाम समावेश गर्न अस्वीकृत गर्‍यो । कार्यदलले संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (यूएनएचसीआर) र जिल्ला प्रशासन कार्यालय, झापामा रहेको शरणार्थी समन्वय इकाई (आरसीयू) ले पहिचान गरेको ४२९ जनाको नाम अनुसूची ७ मा राखेको थियो ।

रकम उठाएर आवेदन दिन लगाएकाहरुलाई भुटानी शरणार्थी बनाउने प्रयासमा धक्का लागेपछि ठगी गर्ने गिरोहले रामबहादुर थापा बादल गृहमन्त्री भएकै बेला पन्थी कार्यदलको प्रतिवेदन हात पार्‍यो । निष्कर्ष खण्डदेखि अनुसूची थपघट गरेर पीडितहरु समक्ष पठाए । यद्यपि त्यसबेलासम्म गृह मन्त्रालयमा भएको प्रतिवेदन फेरिएको हालसम्म नदेखिएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।

अहिले गृह मन्त्रालयमा यो प्रतिवेदनको हार्डकपी नै छैन । जिल्ला प्रहरी परिसर, काठमाडौंले अनुसन्धानका क्रममा मन्त्रालयमा भएको प्रतिवेदन मगाएको थियो । प्राप्त प्रतिवेदन अध्ययन गर्दा ठगी गर्ने गिरोहले पीडितसम्म पुर्‍याएको प्रतिवेदन अधिकांश मिलेको थियो । त्यसपछि कार्यदलका संयोजक पूर्वसहसचिव बालकृष्ण पन्थीलाई प्रहरीले बयानका लागि बोलाएको थियो ।

पन्थीले मन्त्रालयबाट आएको भनिएको प्रतिवेदन आफूले नबुझाएको बयान दिएको जिल्ला प्रहरी परिसर, टेकुका एक अधिकृतले बताए। त्यसक्रममा पन्थीले आफूहरुले तयार पारेको प्रतिवेदनको एकप्रति प्रहरीलाई बुझाएका थिए । 'गृहबाट आएको प्रतिवेदन नै आफूले बुझाएको होइन भन्ने भएपछि मन्त्रिपरिषदका निर्णयहरु अध्ययन सुरु गर्‍यौं, ती अधिकृतले भने ।

त्यसक्रममा मन्त्रिपरिषद्‌को सामाजिक समितिमा ११ फागुन २०७७ मा प्रतिवेदन पठाउने निर्णय भएको देखियो । किनकि समितिले अध्ययन गरेर बुझाएपछि मन्त्रिपरिषद्‌ले ३० पुस २०७८ मा प्रतिवेदनका सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

'त्यसबेला प्रतिवेदनको एउटा कपी त्यहाँ पनि राखिएको रहेछ, मगाएर अध्ययन गर्दा कार्यदलका संयोजक पन्थीले बुझाएको प्रतिवेदन र समितिमा त्यसबेला पठाइएको प्रतिवेदन हुबहु मिल्यो', जिल्ला प्रहरी परिसर, टेकुका एक डीएसपीले भने, 'त्यसपछि पहिले गृहमा भएको भनेर प्रहरीलाई आएको प्रतिवेदन फर्जी रहेछ भन्ने खुल्यो ।'

पीडितहरुले प्रहरीमा बुझाएको १८ पृष्ठ (थप १८ पृष्ठको अनुसूची संलग्न गरिएको) प्रतिवेदनसँग मन्त्रालयबाट प्राप्त प्रतिवेदनको अधिकांश भाग मेल खाएको प्रहरी स्रोत बताउँछ । 'ठगी गर्ने गिरोहले जुन प्रतिवेदन देखाएर पीडितहरुबाट असुली गरेको थियो, त्यसमा भएको अनुसूची सहितको प्रतिवेदन गृहमा रहेछ' ती अधिकृतले भने, 'पन्थी कार्यदलले बुझाएको प्रतिवेदनको एउटा प्रतिलिपि मात्र फेला परेको छ ।'

स्रोतका अनुसार तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले गिरोहका सदस्य ललितपुरका सानु भण्डारी, सन्देश शर्मा र मोरङका केशव दुलालसँग आर्थिक लाभ लिएर उनीहरुको प्रतिवेदनलाई गृहमा राखेको हुनसक्ने देखिएको छ ।

'यसअघि गृहमा भएको प्रतिवेदन हातपारेर कीर्ते मात्र गरेर ठगिएको भन्दै आएका थियौं' एक अधिकृत भन्छन्, 'अहिले मन्त्रालयकै प्रतिवेदन गायब बनाएर फेरिएको खुलेको छ ।'मन्त्रालयमा भेटिएको फर्जी प्रतिवेदनमा पूर्वसहसचिव पन्थी, सदस्य गणेशबहादुर केसीको पनि हस्ताक्षर थियो । 'त्यो प्रतिवेदनमा आफूहरुले हस्ताक्षर नगरेको उहाँहरुले बताउनुभएको छ, तर हस्ताक्षर दुरुस्तै छ' अनुसन्धानमा संलग्न अधिकृत भन्छन्, 'हस्ताक्षर कसरी कीर्ते भयो भन्नेबारे पनि अनुसन्धान भइरहेको छ ।'

पन्थी कार्यदलको प्रतिवेदनले अनुसूची ७ मा उल्लिखित यूएनएचसीआर र शरणार्थी व्यवस्थापन इकाइले अध्ययन गरेको आवेदनलाई नै अन्तिम मान्नुपर्ने निष्कर्ष दिएको थियो । ३० पुस २०७८ मा मन्त्रिपरिषदले यही सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरेको थियो । तर, यो निर्णय कार्यान्वयन हुँदा ठगी गर्ने गिरोहले तयार पारेको नक्कली शरणार्थीहरु समेटिने थिएनन् । त्यसैले मन्त्रालयमा भएको प्रतिवेदन नै कीर्ते गरिएको पाइएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् ।

**प्रतिवेदन सच्याउन खाँणले बनाएका थिए अर्को समिति**

स्रोतका अनुसार, मन्त्रिपरिषदले निर्णय गरिसकेको कार्यदलको प्रतिवेदनमाथि नै पुनर्विचार गर्न तत्कालीन गृहमन्त्री खाँणले अर्को टोली समेत गठन गरेको पाइएको छ ।

गृहमन्त्रीस्तरीय निर्णयबाट २७ जेठ २०७९ मा पूर्वसहसचिव पन्थी नेतृत्वको कार्यदलको प्रतिवेदनमाथि पुनर्विचार गर्न भन्दै उपसचिवको नेतृत्वमा अर्को समिति बनेको पाइएको हो । मन्त्रालयबाट त्यसबारे जिल्ला प्रशासन कार्यालय, झापामा पत्र पुगेलगत्तै तत्कालीन गृहसचिव टेकनारायण पाण्डेले भदौ मसान्तभित्र प्रतिवेदन बुझाउन भन्दै ताकेता गरेको स्रोतको भनाइ छ ।

झापामा छविलाल रिजाल, प्रमुख जिल्ला अधिकारी भएका बेला पुगेको पत्र अनुसार तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी चोमेन्द्र न्यौपानेको नेतृत्वमा पूर्वसहसचिव पन्थी कार्यदलको प्रतिवेदनमाथि पुनर्विचार गर्न अर्को उपसमिति बनेको थियो । हाल अध्यागमन विभागमा कार्यरत न्यौपानेका अनुसार समिति बने पनि त्यसबेला काम अघि बढाइएको थिएन ।

'त्यतिबेलै चलखेल भइरहेको भन्ने हल्ला सुनिएको थियो, विवादित विषय भएकाले केही काम अघि बढाएका थिएनौं' न्यौपानेले भने, 'योभन्दा अगाडि पनि पैसा उठाइरहेको भन्ने सुनेपछि क्याम्पमा गएर बाहिर यस्ता खालका कुराहरु आइरहेका छन्, तपाईंहरु सजग हुनुस् । अहिले तेस्रो मुलुक पुनर्वासमा लैजाने सरकारको कुनै कार्यक्रम छैन भनेका थियौं ।'

सन् २०१६ बाटै पुनर्वास कार्यक्रम बन्द भएको भन्दै आफैं बेलडाँगीस्थित शरणार्थी शिविरमा पुगेर जानकारी गराएको न्यौपाने बताउँछन् । तर उनी नेतृत्वको समितिले काम नगरेपछि मन्त्रालयबाट समितिको फेरि म्याद थप गराएको भेटिएको छ । समितिलाई पटक-पटक प्रतिवेदन बुझाउन ताकेता गरिए पनि त्यत्तिकै छाडिएको पाइएको स्रोतले जनाएको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी शिवराज पोखरेल पनि भन्छन्, 'त्यसबेला प्रतिवेदनलाई आधार बनाएर फेरि काम गर्न भनिएको थियो, त्यो पनि आएको थिएन । फेरि विभिन्न स्वार्थका कुराहरु आएपछि समितिले काम गरेन ।' तत्कालीन गृहमन्त्री खाँणले पूर्वसहसचिव पन्थी नेतृत्वको कार्यदलको प्रतिवेदनमा आफू अनुकूल गिरोहले असुली गरेका नामहरु घुसाउन अर्को उपसमिति बनाएको प्रहरीको प्रारम्भिक आशंका छ । त्यसका लागि तत्कालीन गृहसचिव पाण्डे र आफ्नो स्वकीय सचिव नरेन्द्र केसीमार्फत खाँणले रकम बुझेको अनुसन्धानका क्रममा खुलेको छ । ठगी गर्ने गिरोहका एक जना सदस्य सानु भण्डारीले पाण्डेमार्फत मात्रै १ करोड २५ लाख रुपैयाँ बुझाएको बयान दिएका छन् ।

खाँणकी पत्नी मञ्जुले समेत त्यसक्रममा रकम बुझेको हुनसक्ने प्रहरीको आशंका छ । 'बयान दिनेहरुले उहाँलाई पनि रकम दिएको भनेका छन्, तर थप प्रमाणहरु फेला परिसकेका छैनन्, प्रहरी अधिकृतहरु भन्छन् । प्रहरीसम्म पुगेको अडियो सम्वादमा पनि मञ्जु खाँणलाई रकम बुझाएको भनिएको छ । प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले १२ चैत २०७९ मा भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भन्दै असुली गरेको आरोपमा मोरङका केशव दुलाल, ललितपुरका सानु भण्डारी र पाँचथरका टेक गुरुङलाई पक्राउ गरेको थियो । यसको तीन दिनपछि मोरङका सागर राई पनि पक्राउ परेका थिए । उनीहरुको बयानका आधारमा जिल्ला प्रहरी परिसर, काठमाडौंले १९ वैशाखमा रामबहादुर थापा 'बादल' गृहमन्त्री हुँदा उनका सुरक्षा सल्लाहकार रहेका इन्द्रजित राईलाई पक्राउ गरेको थियो । यसको भोलिपल्ट २० वैशाखमा गृह मन्त्रालयका पूर्वसचिव एवं उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ परेका थिए ।

पाण्डेले बयानका क्रममा तत्कालीन गृहमन्त्री खाँणको समेत संलग्नता खुलाएका थिए । यो प्रकरणमा नेकपा एमालेका सचिव एवं पूर्व उर्जामन्त्री टोपबहादुर रायमाझी फरार छन् । उनका छोरा सन्दीप रायमाझी पक्राउ परिसकेका छन् । पूर्वगृहमन्त्री बादलका छोरा प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी प्रहरीले लिएको छ । मंगलबार यही प्रकरणमा संलग्न भएको आरोपमा प्रहरीले थप दुई जना रामशरण केसी र गोविन्द चौधरीलाई पक्राउ गरेको थियो । दुवै जनाले शरणार्थी बनाइदिन्छु भन्दै नेपाली नागरिकबाट पैसा उठाएको पाइएको प्रहरी अधिकृतहरु बताउँछन् ।

सत्य तथ्य र स्पष्ट बिचार र सन्तुलित समाचारको लागि
साझाकुरा

# हलिउड बक्स अफिसमा फ्लप भयो प्रियंका चोपडाको 'लभ अगेन'



काठमाडौं /अभिनेत्री प्रियंका चोपडा अहिले आफ्नो वेब सिरिज 'सिटाडेल' र हालै रिलिज भएको हलिउड फिल्म 'लभ अगेन'लाई लिएर चर्चामा छिन् । उनी अभिनित उक्त हलिउड फिल्म पनि मे १२ मा भारतमा रिलिज हुँदैछ । तर यस फिल्मको बारेमा जुन खबर बाहिर आएको छ, त्यसले फ्यानलाई ठूलो झट्का लाग्न सक्छ ।

वास्तवमा प्रियंकाको यो फिल्म अमेरिकी बक्स अफिसमा ध्वस्त साबित भएको छ । प्रियंकासहित साम ह्युगन र सेलिन डियोन स्टारर फिल्मले तीन दिनमा मात्रै (२.३८ मिलियन डलर) अर्थात् १८ करोड भारु मात्र कमाउन सफल भएको बताइएको छ । प्रियंकाको उक्त फिल्म फ्लप हुनबाट जोगिन बक्स अफिसमा कडा संघर्ष गरिरहेको छ । मार्भल सिनेमेटिक युनिभर्सको फिल्म 'गार्डियन्स अफ द ग्यालेक्सी भोल्युम ३', एभिल डेड राइज र 'आर यु देयर गड ? इट्स मी मार्गरेट'ले बक्स अफिस कब्जा गरिरहेको बेला प्रियंकाको यो फिल्मले दर्शकलाई आकर्षित गर्न चुनौती खेपिरहेको छ । फिल्म 'लभ अगेन' मुख्य नायिका मीरा रेको कथा हो, जसले कार दुर्घटनामा आफ्नो साथी गुमाएकी छन् । उनी आफ्नो सम्झनामा यति हराइन् कि उनले आफ्ना फियोन्सेलाई उनको नम्बर टेक्स्ट गर्न थाल्छिन्, जुन अब रोब (ह्युगन) नामक अर्को व्यक्तिलाई दिइएको छ । रोबीलाई मीराको सन्देश धेरै भावुक लाग्छ र डियोन उनीसँग जोडिन खोज्छिन् । फिल्ममा प्रियंका चोपडाका पति निक जोन्सको पनि क्यामियो रोल रहेको छ ।

# शरणार्थी मामिलामा प्रहरीलाइ...........

'यो अनुसन्धानमा प्रहरीले दृढ भएर पेश हुनसक्यो भने कसैको दबाब र प्रभावबाट मुक्त हुनलाई यो एउटा मार्क पनि हुनसक्छ', उनी भन्छन्, 'अहिले कसैको दबाब र प्रभावविना काम गर्न सके भोलि अरु प्रकरणमा कसैले दबाब दिन आँट गर्दैनन् ।' गृहमन्त्रीलाई समेत अनुसन्धान भइरहेको विषयमा जानकारी दिए मात्र पुग्ने उनी बताउँछन् । 'अनुसन्धानलाई यो दिशामा लानुस् वा रोक्नु भन्ने अधिकार गृहमन्त्रीलाई पनि हुँदैन', उनी भन्छन् । संसद्‌ले निष्पक्ष अनुसन्धानका लागि दबाब दिनसक्छ, राष्ट्रको सार्वभौमसत्ताको दुरुपयोगको विषय भएकाले अनुसन्धानलाई सही दिशामा लैजान अपनत्व पनि लिनसक्छ ।

'स्वतन्त्र अनुसन्धान होस् भन्ने हो भने बरु निगरानीका लागि स्वतन्त्र विज्ञले अनुगमन गरिरहुन् भनेर माग गर्न सकिन्छ', पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रसिंह भण्डारी भन्छन्, 'अनुसन्धानलाई बलियो बनाउनतिर सबैले सहयोग गर्नुपर्नेमा त्यो देखिएको छैन । अहिले संसदमा भएका दलहरुबाट त्यो दिशातिर अग्रसरता देखिने लक्षण पनि छैन ।' यस्तोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धिकरण विभागले पनि प्रकरणमा संलग्नविरुद्ध चासो देखाउनुपर्ने हो । तर, अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई आफैं अप्रत्यक्ष रुपमा प्रकरणमा गाँसिएका छन् । उनले तत्कालीन गृहसचिवका रुपमा यो प्रकरणका आरोपीले कीर्ते गरेको पूर्वसहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदलको प्रतिवेदन बुझेका थिए । त्यसबेलाका गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राईसँग समेत साँठगाँठ गरेर गिरोहका सदस्यले त्यो प्रतिवेदन हत्याएर कीर्ते गर्दै करोडौं ठगी गरेका थिए ।

*साभार : अनलाइनखबर*

# मछिन्द्रलाई हराउँदै चर्च ब्वाइज शीर्ष स्थानमा, आर्मीमाथि एपिएफको जीत

काठमाण्डौ/ चर्च ब्वाइज युनाइटेड सहिद स्मारक ए डिभिजन लिगको शीर्ष स्थानमा उक्लिएको छ। बुधबार एन्फा कम्प्लेक्समा भएको खेलमा साविक विजेता मछिन्द्र क्लबलाई २-० गोलले पराजित गर्दै चर्च ब्वाइज फेरि शीर्ष स्थानमा पुगेको हो।



खेलमा अन्जन विष्टले ४० मिनेटमा पहिलो गोल गरे। ६६ मिनेटमा मछिन्द्रका अमोजलाले बराबरी गोल गरे। ७१ मिनेटमा मछिन्द्रका प्रदीप भण्डारीले आत्मघाती गोल गरेसँगै चर्च ब्वाइज २-१ ले अघि बढेको थियो। जितसँगै चर्च ब्वाइजले १६ खेलबाट ३० अंक बनाएको छ। दोस्रो स्थानमा झरेको जावलाखेल युथ क्लबको २७ अंक छ। थ्रीस्टार २५ अंकसहित तेस्रो स्थानमा रहदा साविक विजेता मछिन्द्र २४ अंकसहित चौथो स्थानमा छ । विभागीय डर्बीअन्तर्गत दशरथ रंगशालामा भएको खेलमा त्रिभुवन आर्मी क्लबमाथि नेपाल एपिएफ क्लबले ३-० गोलको जित निकालेको छ। एपिएफका लागि अर्मोन्डले ४० मिनेटमा पहिलो गोल गरे। यस्तै आवास लामिछानेले ५६ मिनेटमा अग्रता दोब्बर पार्दा नवीन लामाले ६२ मिनेटमा तेस्रो गोल गरे। जितसँगै एपिएफ आर्मीलाई पछि पार्दै अंक तालिकाको छैटौं स्थानमा उक्लिएको छ। एपिएफको १६ खेलबाट २२ अंक भएको छ। सातौं स्थानमा झरेको आर्मीको २१ अंक छ।

# चैतमा भित्रियो यो वर्षकै धेरै रेमिटेन्स

काठमाडौं/चैत महिनामा चालु आर्थिक वर्षकै सबभन्दा धेरै रेमिटेन्स भित्रिएको छ। चैतमा मात्र एक खर्ब नौ अर्ब रुपैयाँ रेमिटेन्स भित्रिएको हो। साउनदेखि चैतसम्ममा भने कुल नौ खर्ब तीन अर्ब रुपैयाँ रेमिटेन्स भित्रिएको छ। यो अवधिमा ६ लाख ५ हजार नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिएका छन्। गत आर्थिक वर्षको यही अवधिको तुलनामा यो ३१ प्रतिशतले धेरै हो।



वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएसँगै रेमिटेन्स पठाउने दरमा पनि वृद्धि भइरहेको हो । गत आर्थिक वर्ष २०७८/७९ मा रेमिटेन्स भित्रिने दर घट्दा र आयात बढ्दा मुलुकको विदेशी मुद्रा सञ्चितिमा समेत ह्रास आएको थियो। औसत ६ महिनाको वस्तु तथा सेवा आयात मात्र धानिने अवस्था थियो।

तर, २०७८ चैतदेखि २०७९ पुससम्म विभिन्न वस्तुको आयातमा लगाइएको प्रतिबन्ध, आयातको क्रममा राख्नुपर्ने अनिवार्य नगद मौज्दात लगायत व्यवस्थाले विदेशी मुद्रा सञ्चितिमा सुधार आएको छ। विदेशी मुद्राको सञ्चिति १४ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको छ। यस्तो सञ्चितिले ९ महिना १२ दिनको आयात धान्न सक्छ।

पछिल्लो समय रेमिटेन्ससँगै अन्य विदेशी मुद्रा आम्दानीका स्रोतहरुमा पनि सुधार भइरहेको छ। नेपालले यो साउनदेखि चैतसम्म, नौ महिनामा १३ अर्ब १९ करोड रुपैयाँको बिजुली बिक्री गरेको छ।

यो अवधिमा नेपाल भित्रिने पर्यटकबाट हुने आम्दानीमा ९४ प्रतिशतले वृद्धि भएको छ। यस्तो आम्दानी ४४ अर्ब १६ करोड रुपैयाँ पुगेको छ। बैंक तथा वित्तीय संख्या लगायतले यो नौ महिनामा अवधिमा ३७ अर्ब १९ करोड रुपैयाँ ऋण ल्याएका छन्। यसमा अघिल्लो वर्षको यही अवधिको तुलनामा ११० प्रतिशतले वृद्धि देखिएको छ।

तर सरकारले पाउने अनुदान र मुलुक भित्रिने प्रत्यक्ष वैदेशिक लगानीमा सुधार देखिएको छैन। सरकारले यो अवधिमा पाँच अर्ब ८८ लाख रुपैयाँ अनुदान प्राप्त गरेको छ। त्यस्तै प्रत्यक्ष वैदेशिक लगानी ८४ प्रतिशतले घटेर दुई अर्ब ६२ करोड रुपैयाँ मात्रै भित्रिएको छ। सरकारले लिने वैदेशिक ऋण पनि अघिल्लो वर्षको यही अवधिको तुलनामा २.६ प्रतिशतले घटेर ५४ अर्ब तीन करोड रुपैयाँमा सीमित भएको छ।

आयातमा भने गत वर्ष यही अवधिको तुलनामा १८.१ प्रतिशतले कमी आएर १२ खर्ब एक अर्बमा सीमित भएको छ। यो नौ महिनामा मासिक सरदर एक खर्ब ३३ अर्ब हाराहारी आयात भइरहेको छ। मासिक रुपमा अधिकतम एक खर्ब ४३ अर्ब र न्यूनतम एक खर्ब २६ अर्ब बराबरको आयात छ।

स्थिर पुँजी निर्माणका वस्तुहरूको आयात अहिले पनि निकै कम छ। गत वर्षसम्म कुल आयातमा यस्तो वस्तुको हिस्सा १० प्रतिशत थियो। हाल घटेर ८.३ प्रतिशत छ। मूल्य अभिवृद्धि गर्न सक्ने वस्तुको हिस्सा ५३.२ प्रतिशत हाराहारीमै छ। उपभोक्ताले सोझै उपभोग गर्न सक्ने वस्तुको आयात हिस्सा ३६.३ प्रतिशतबाट बढेर ३८.३ प्रतिशत पुगेको छ। यसले न त यहाँ मूल्य अभिवृद्धि गराउँछ न त पुँजी निर्माण नै।

यो हिस्सा बढ्दै जानु चिन्ताको विषय हो।त्यस्तै विदेशी मुद्रा आर्जनको स्रोत निर्यात पनि २६ प्रतिशतले घटेर एक खर्ब १८ अर्ब रुपैयाँमा सीमित भएको छ। नेपालबाट विदेशमा अध्ययनका लागि जानेले समेत यो नौ महिना अवधिमा ६७ अर्ब रुपैयाँ बाहिर लगेका छन्। यो रकममा ५२ प्रतिशतको वृद्धि छ।

विदेश भ्रमणमा जाने क्रममा मुलुकबाट ९१ अर्ब रुपैयाँ बाहिरिएको छ। मुलुकको खर्चको तुलनामा आम्दानीमा सुधार भइरहेकाले शोधानान्तर समेत एक खर्ब ८० अर्ब रुपैयाँले बचतमा छ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# 'निकुञ्जले पत्र काटेपछि' मनहरीका जनप्रतिनिधिको दौडधुप

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/मनहरी गाउँपालिकाले भूमिहिन दलित र सुकुम्बासीलाई दिएको जग्गाको निस्सा रोक्न पर्सा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रबाट पत्र काटिएपछि जनप्रतिनिधिको दौडधुप बढेको छ ।

प्रदेश सांसद इन्द्रबहादुर बानियाँसहित मनहरी गाउँपालिकाको जनप्रतिनिधिले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलसँग जग्गाको निस्सा वितरण रोक्न आएको पत्रका सम्बन्धमा छलफल गरेका छन् । गाउँपालिकाको दक्षिणी क्षेत्रमा बसोबास गरिरहेका भूमिहिन दलित र सुकुम्बासीलाई सोही स्थानमै बसोबासको व्यवस्था गर्न माग गरेको जनाइएको छ । मनहरी गाउँपालिकामा धेरै भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबास भएको क्षेत्र हो । मनहरीको चितवन सीमानासँग नजिक लोथरमा गत चैत पहिलो हप्ता चितवन राष्ट्रिय निकुञ्जले घर भत्काइदिएको थियो ।

लोथरको नदीउकास जमिनमा गोपी विक्लगायत २२ घर धुरीले सेनाको ब्यारेकअगाडि रहेको जग्गा आफूहरुले भोगचलन गर्दै आएको भन्दै घर निर्माण गरेका थिए । निकुञ्जले भने राती आएर घरहरु भत्काएको थियो । मनहरीमा लालपूर्जा वितरण गरेर निकुञ्ज क्षेत्रको जग्गा दिन खोजिएको भन्दै गाउँपालिकालाई पत्र काटिएको बुझिएको छ । गाउँपालिकाले हालसम्म ७ सय ३७ जना भूमिहिन दलित र सुकुम्बासीलाई जग्गाको निस्सा वितरण गरिसकेको गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले जानकारी दिएकी छन् ।

गाउँपालिकाका उपाध्यक्ष मगरले पालिकाको ७५ प्रतिशत जनसंख्या ५० औं वर्षदेखि संरक्षित क्षेत्र वरिपरि बसोबास रहेको र उनीहरु सोही क्षेत्रमै बसोबास गर्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्न निस्सा वितरण गरिएको जानकारी दिइन् ।

निस्सा वितरण गरेको खबर पाएलगत्तै निकुञ्जले उक्त कार्य रोक्न पत्र काटेपछि त्यसको विकल्प खोज्न मुख्यमन्त्री समक्ष भेट गरिएको उनले बताइन् । भेटमा प्रतिनिधिसभा क्षेत्र नम्बर २ प्रदेशसभा (ख) का सांसद बानियाँले निकुञ्ज र मध्यवर्ती क्षेत्रबाट वर्षौंदेखि पीडित जनतालाई निकाश दिनुपर्ने बताए । जनताले ढलेका रुखको दाउरा ल्याउन नपाउने, घाँस काट्न नपाउने, घर बनाउन ढुंगा पनि ल्याउन नपाउने अवस्था रहेको जानकारी गराए । उनले निकुञ्ज र पालिकाबीचको द्वन्द्वले विकास निर्माणमा समेत समस्या बनेको बताएका थिए ।

जनप्रनिनिधिसँग मुख्यमन्त्री जम्मकट्टेलले उक्त क्षेत्र संरक्षित क्षेत्रभित्रै पर्ने भएकाले ऐन संशोधन नभएसम्म समस्या समाधानमा कठिनाई रहेको बताए । संघीय सरकारबाटै ऐन संशोधन भएर आउनुपर्ने र त्यसका लागि प्रदेश सरकार र आफ्नो तर्फबाट पहलकदमी लिने उनले विश्वास दिलाए ।



# चित्लाङ 'घरमा सुत्केरी शून्य' घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/मकवानपुरको उत्तरी क्षेत्रस्थित पर्यटकी गाउँ चित्लाङमा घरमा सुत्केरी शून्य घोषणा भएको छ । थाहाको ९ र १० नम्बर वडा पर्ने चित्लाङलाई बुधवार घरमा सुत्केरी शून्य घोषणा गरिएको हो ।

स्वास्थ्यका हिसाबले महिलाहरु घरमै सुत्केरी हुनु सुरक्षित मानिँदैन् । जसकारण राज्य तहले महिलालाई घरमा नभई स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्ने सचेतना गराउँदै आएको छ । सम्भावित जोखिमसमेतलाई मध्यनजर गरेर महिलालाई स्वास्थ्य संस्थामै सुत्केरी हुन जोड दिने गरिन्छ । जिल्लाका १० स्थानीय तहमध्ये थोरै वडा मात्रै घरमै सुत्केरी शून्यको स्थितिमा पुगेका छन् । जिल्लाको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, बागमती, बकैया गाउँपालिकाका महिला अझै पनि घरमै सुत्केरी हुने गरेका छन् । भौगोलिक विकटताका कारण पनि यी पालिकामा घरमै सुत्केरी शून्यको स्थिति नाजुक छ ।

यससँगै थाहा नगरपालिकाले घरमै सुत्केरी हुने दरलाई शून्यमा परिणत गराउन पूर्ण संस्थागत सुत्केरी घोषणा अभियान कार्यक्रमलाई तीव्रता दिएको देखिन्छ । थाहाको ९ र १० नम्बर वडालाई बुधवार मेयर विष्णुबहादुर विष्टको उपस्थतिमा पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरिएको हो । थाहा नगरपालिकाको वडा नम्बर ९ र १० पूर्ण संस्थागत सुत्केरी वडा घोषणा हुनेमा नगरकै दोस्रो वडा हो ।

यसअघि थाहा नगरपालिकाको वडा नम्बर ६ पूर्ण संस्थागत सुत्केरी घोषणा भइसकेको छ । वडा नम्बर ९ मा रहेको चित्लाङ स्वास्थ्यचौकीमा एक कार्यक्रमको आयोजना गरी बुधवार मेयर विष्टले चित्लाङ स्वास्थ्यचौकी र टौखेल स्वास्थ्यचौकीलाई प्रमाणपत्र प्रदान गरी पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेका हुन ।

पूर्णसंस्थागत सुत्केरी वडा घोषणा कार्यक्रममा बोल्दै नगर प्रमुख विष्टले विषम परिस्थितिमा पनि अहोरात्र खटेर नागरिकको लागि काम गर्ने स्वास्थ्यकर्मीलाई धन्यवाद दिँदै पूर्णसंस्थागत सुत्केरी घोषणा हुँदै गर्दा अवसरसँगै चुनौती थपिएको बताए । उनले स्वास्थ्यलाई प्राथमिकता दिएर नगरले काम गरिरहेको बताएका छन् । विष्टले नगरलाई पूर्णसंस्थागत सुत्केरी नगरका रुपमा परिचित बनाउन अभियान संचालन गरिएको बताउँदै २०७६ मा वडा नम्बर ६ लाई पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गरिएको उल्लेख गरे । अभियानलाई तीब्रता दिने उनको भनाई छ । प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले नगरवासीलाई आधारभूत स्वास्थ्यसेवा प्रदान गर्न नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गरे ।वडा नम्बर ९ का वडाअध्यक्ष राजकुमार बलामीको सभापतित्वमा भएको घरमा सुत्केरी शून्य वडा घोषणा कार्यक्रममा वडा नम्बर १० का अध्यक्ष हीराबहादुर गमाल, जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य निरीक्षक बासुदेव रिमाल, थाहानगर सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर भूषण चौधरी, ९ र १० वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरु, आमा समूहका सदस्यहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नगरभित्र रहेका स्वास्थ्यचौकी प्रमुखहरु,जनप्रतिनिधिलगायतको उपस्थिति रहेको थियो । थाहानगर स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले थाहामा स्वास्थ्य संस्थामा नै पुगेर सुत्केरी हुने महिलाको दर सुधार हुँदै गएको दाबी गरे ।स्वास्थ्य शाखाले यसमा विशेष चासोको रुपमा हेरेको र नगरका ग्रामीण भेगमा पनि प्रसुति सेवा सञ्चालन भएको हुँदा बर्सेनि सुधार हुँदै भइरहेको बलामीले बताए । वडा नम्बर ८ र १० लाई पूर्णसंस्थागत सुत्केरी वडा घोषणाका लागि सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले गत असोज महिनामा प्रमाणिकरण गरेको थियो । थाहा नगरपालिकाले नगरका सबै सुत्केरी हुने महिलालाई स्वास्थ्य संस्थामा प्रसुती गराउनु पर्ने लक्ष्य लिए अनुरुप ९ र १० नम्बर वडामा पूर्ण कार्यान्वयन भएपछि घोषणा गरिएको हो । बालमैत्री शासनयुक्त थाहानगर घोषणाको तयारीसहित बुधवारबाट एक आधार थप भएको नगरपालिकाको भनाइ रहेको छ ।



# वक्तृत्वकलामा जेनिथकी छात्रा पौडेल उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/मकवानपुरले ७१ औं कानून दिवसको अवसरमा 'कानूनको सर्बोच्चता' विषयक जिल्लास्तरीय बक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ ।

कानुन विषय अध्ययन गरिरहेका सिद्धार्थ, निर्मल र जेनिथ इन्टरनेशनलका ७ विद्यार्थीले प्रतियोगितामा सहभागिता जनाएका थिए । प्रतियेगितामा जेनिथ इन्टरनेशनल स्कुलकी छात्रा अभिप्सा पौडेल प्रथम, सिद्धार्थ माविकी छात्रा प्रेक्षा तिमल्सिना द्वितीय, निर्मल माविकी छात्रा विप्सरा थापा तृतीय र निर्मल माविकी निर्जला भट्टराईले सान्त्वना पुरस्कार जितेका छन् ।

जिल्लाबार एशोशियशन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला अदालत मकवानपुरका न्यायधीश ऋषिराम निरौलाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा न्यायधीश श्रीप्रसाद सन्जेल, बरिष्ठ अधिवक्ता केशबप्रसाद काफ्ले, उच्चअदालत बार एशोसियशनका उपाध्यक्ष हरि भट्टलगायतको आतिथ्यता रहेको थियो । प्रतियोगितामा बरिष्ठ अधिवक्ता केशव काफ्ले अधिवक्ताहरु मदन दाहाल, ईश्वरी अधिकारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।



# अचार बनाउने तालिम सकियो

हेटौंडा, २७ बैशाख/हेटौंडा उपमहानगरपालिका-१७ नम्बर वडामा अचार बनाउने तालिम सम्पन्न भएको छ ।

टेस्टी अचार उद्योग हेटौंडा-२ को आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा वैशाख २१ गतेदेखि २७ गतेसम्म ७ दिने अचार बनाउने तालिम सकिएको हो । प्रशिक्षक सुचना श्रेष्ठले तालिममा खुर्सानी, रुख कटर, कागती, मेथी, टुसा उमारेको मेथी, च्याउको अचार बनाउन सिकाएकी थिइन् । अचार बनाउने तालिममा १६ जना महिलाको सहभागिता रहेको थियो । रिया श्रेष्ठको सभाध्यतामा भएको समापन कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नम्बर १७ को वडाअध्यक्षको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सहकारी तथा उद्योग शाखा प्रमुख हिमप्रसाद पौडेल, साना किसान सहकारी संस्था अध्यक्ष कमला श्रेष्ठ, ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था अध्यक्ष प्रतिमा श्रेष्ठ, सहकारी हस्पिटल अध्यक्ष नरोत्तम श्रेष्ठ, उद्योग वाणिज्य संघ निवर्तमान महिला सभापति निलम वैद्यलगायतको उपस्थिति रहेको थियो । साना किसान कृषि सहकारीको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा बुधवार देखि १ जेठसम्म सोही स्थानमा आयआर्जनमूलक अचार बनाउने ५ दिने तालिम पनि सुरु भएको हो ।

# जग्गा फिर्ताका लागि आन्दोलनरत जगतबहादुरको धर्ना स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/जग्गा दृष्टिबन्धकबाट पीडित मकवानपुरको हेटौंडा-१३ का जगतबहादुर सुनारका परिवारले जग्गा फिर्ताको माग गर्दै विगत ६ महिनादेखि अर्थात१ सय ७० दिनदेखि दिँदै आएको धर्ना कार्यक्रम भोलि बिहीबारबाट केही दिनका लागि स्थगित गर्ने भएका छन् । सुनारको परिवारले हेटौंडास्थित बुद्धचोक नजिकै घर भएका सुन व्यवसायी नियमराज शाक्यविरुद्ध उनकै घर अगाडि शान्तिपूर्ण धना दिँदै आएका थिए ।

तर, पछिल्लो केहिदिन यता सुनारको स्वास्थ्यमा समस्या आएको र जिल्ला अदालतले पनि आउँदो जेठ ७ गते अदालतमा दुबै पक्षलाई मेलमिलापमा गर्न उपस्थित हुन बोलाएपछि हाललाई धर्ना कार्यक्रम स्थगित भएको बताइएको छ । सुनारको शान्तिपूर्ण धर्ना र उनको न्यायको पक्षमा विभिन्न सामाजिक अभियन्तादेखि राजनीतिक दलहरुले समेत एक्यबद्धता जनाउँदै आएका छन् ।

हेटौंडास्थित न्युज क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै पीडित सुनारले अझै पनि आफूले न्याय पाउने आशा रहेको जनाउँदै आफ्नो धर्नामा साथ दिने सामाजिक अभियन्ता र राजनीतिक दललगायत सम्पूर्ण न्यायप्रेमीलाई धन्यवाद व्यक्त गरे । उनले जिल्ला अदालतले जेठ ७ गते मेलमिलापको लागि आउन भनेको बताउँदै त्यतिन्जेलको लागि धर्ना कार्यक्रम स्थगित गरिएको बताए । उनले आफू शाक्यसँग मेलमिलाप गरेर समस्या समाधान गर्ने पक्षमा रहेको उल्लेख गर्दै शाक्यलाई पनि मेलमिलापमा आउन अनुरोध गरेका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै सामाजिक अभियन्ता तथा धर्नामा सहभागी बन्दै आएका विशालराज महतले आफूहरु जगतबहादुरको धर्नालाई बीचमै नछोड्ने प्रतिबद्धता व्यक्त गरे । उनले जगतबहादुरको स्वास्थ्यमा समस्या देखिएको र अदालतले पनि जेठ ७ गते मेलमिलाप गर्न बोलाएको भन्दै त्यस समयसम्म धर्ना कार्यक्रमलाई स्थगित गरिएको बताए ।
'पीडक पक्ष नियमराज शाक्य उनको घर अगाडि धर्ना दिएको आज ६ महिना भयो । यो ६ महिनाको बीचमा धेरै अभियन्ता साथीहरु त्यहाँ उपस्थित हुनुभयो । अन्य राजनीतिक दलहरुले पनि एक्केबद्धता जनाउनु भएको छ ।'

महतले ६ महिनाको बीचमा मेलमिलापको लागि पीडक पक्ष र प्रहरीसँग पटकपटक संवाद गरेको तर, समस्या समाधान हुन नसकेको बताउँदै अदालतबाट मेलमिलाप हुनसक्ने विश्वास व्यक्त गरे । उनले अदालतबाट पनि मेलमिलाप हुन नसके नयाँ ढंगको धर्ना कार्यक्रम अघि बढ्ने स्पष्ट पारे । कार्यक्रममा जगतबहादुरको न्यायका लागि धर्नामा सहभागी बन्दै आएका रामशरण कार्कीले गरिब, किसानलाई पैसाको आवश्यक पर्दा व्यवसायीले जग्गा बन्दकीको नाममा जग्गा नै हडप्ने गरेको पाइएको बताए ।

उनले जगतबहादुरले पनि व्यवसायकै लागि ऋण लिएको तर व्यवसायी नियमराजले ऋण दिएर जग्गा हडपेको बताए । उनले जततबहादुरलाई न्याय दिनुपर्ने र जग्गा फिर्ता गराएर मेलमिलाप गराउनु पर्नेमा जोड दिए । यसैगरी, पत्रकार सम्मेलनमा सहभागी अभियन्ताहरुले धर्नामा बस्दै आएका जगतबहादुरलाई पीडक पक्षबाट ज्यान मार्ने धम्की समेत आएको बताउँदै जगतबहादुर तलमाथि केही भए त्यसको जिम्मेवार व्यवसायी नियमराज र उनको परिवार हुने बताउँदै दुबै पक्षलाई मेलमिलापमा आउन अनुरोध गरेका छन् ।

पत्रकार सम्मेलनमा नेकपा क्रान्तिकारी मकवानपुरका राम घलान (वाटर), वैद्यका दिनेश बर्तौला, वाइसिएल हेटौंडाका सानु लामा, नेपाल समाजवादीको हरिहर खतिवडा र राष्ट्रिय जनमोर्चाका उपेन्द्र लुइँटेलले जगतबहादुरलाई राज्यका तीनवटै निकायका सम्बन्धित पक्षले न्याय दिन नसकेको टिप्पणी गर्दै कठोर ढंगले आन्दोलनको कार्यक्रमलाई अघि बढाउनुपर्ने उल्लेख गरे ।

उनीहरुले देशभर मिटर व्याजी पीडित देखिरहेको अवस्थामा जिल्लामा पनि जगतबहादुर जस्ता धेरै पीडितहरु रहेको र उनीहरु न्यायको पर्खाइमा उल्लेख गर्दै नयाँ ढंगले कार्यक्रमलाई अघि बढाउनु पर्ने र आफूहरुको साथ सहयोग रहने प्रतिबद्धता जनाएका थिए ।

# गढीदेखि मनहरीसम्म बस्ती बचाउन व्यवस्थित तटबन्धनको माग

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/मकवानपुर क्षेत्र नम्बर-२ का सांसद तथा एमाले सचेतक महेशकुमार बर्तौलाले वर्षायाम सुरु भइसकेकाले तटबन्धन निर्माण गर्नका लागि संघीय सरकारको ध्यानाकर्षण गराएका छन् । बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने-'वर्षा सुरु हुन थालिसकेको छ मकवानपुरगढीका जनता सामरी खोला बढेसँगै चिन्तित छन् । सामरी खोलामा बलियो तटबन्धको लागि नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।'

यसैगरी बर्तौलाले हेटौंडाको लालझाडीदेखि त्रिबेणीधाम हुँदै मनहरीको लोथरसम्म राप्ती नदी नियन्त्रणको लागि बृहत गुरुयोजना बनेकोमा सरकारको ध्यान दिनुपर्ने बताए । सांसद बर्तौलाले मातातीर्थ-देउराली-चखेल बाटोको ४ पटक म्याद थपेर काम सम्पन्न हुन नसकेको अवस्थामा जेठमा चौथो पटक थपिएको म्याद सकिँदै छ । सरकारले यसतर्फ गम्भिरताको साथ ध्यान दिन पनि आग्रह गरेका छन् ।

# मनहरी खानेपानीमा फेरि जोशी

साझाकुरा संवाददाता

हेटौंडा, २७ बैशाख/मनहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको अध्यक्षमा फेरि भुवनकुमार जोशी चयन भएका छन् ।

समितिको उपाध्यक्षमा गौतम लामा, सचिवमा हिमशिखर ब्लोन, सहसचिवमा सुजन पाठक र कोषाध्यक्षमा दिलबहादुर स्याङ्बो चयन भए । सदस्यहरुमा रेनु पुडासैनी, मनु तामाङ, जुनेली मुक्तान, सफी अहमद, गीता कर्माचार्य र अनिल पौडेल चयन भएको जनाइएको छ । मनहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति मनहरी गाउँपालिका वडा नं ७ भित्रमात्रै केन्द्रित भएको छ । यसअघि वडा नं ७, ८ र ९ का संयुक्त समितिको रुपमा यो संस्था क्रियाशील थियो । समितिको पहिलो साधारणसभा तथा अधिवेसनलाई सम्बोधन गर्दै मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले ठेक्का प्रक्रियामार्फत मनहरी बजार क्षेत्रमा फोहर संकलन गर्ने बताए ।

उनले लामो समयपछि साधारणसभा आयोजना भएकोमा धन्यवाद दिँदै विधान बमोजिम नियमित साधारणसभा आयोजना गर्न आग्रह गरे । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति सभापति नारायण सुवेदी, नेपाली कांग्रेसका उमेश मुक्तान, मनकामना सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सुरेश मुक्तान, सामुदायिक रेडियो मनहरीका स्टेशन म्यानेजर शिवकुमार काशी, वडासदस्य नवरराज सुवेदी, ७ नम्बर वडाध्यक्ष ठाकुर राम तितुङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका छन् ।

साधारणसभामा अध्यक्ष जोशीबाट प्रगति प्रतिवेदन र कोषाध्यक्ष कमला मैनालीबाट आर्थिक प्रतिवेदन प्रस्तुत भएको थियो । साधारणसभामा संस्थापक अध्यक्ष प्रल्हाद लम्साल, सचिव पुष्कर सुवेदी, कोषाध्यक्ष कमला मैनालीसहित सदस्यहरुलाई सम्मान पनि गरिएको थियो । साधारणसभाबाट समितिको विधान संशोधन प्रस्तावसमेत पारित भएको छ । संशोधित विधानमा कार्यसमितिमा एक महिला पदाधिकारी अनिवार्य कायम गर्ने र ४ जना महिला सदस्य रहने व्यवस्था छ । त्यसैगरी अन्य विभिन्न १२ वटा बुँदाहरुमा संशोधन गरिएको छ । संशोधित विधान सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि लागू हुनेछ ।

# स्वदेशी सुपरमार्केट सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल सञ्चालक रहेको जमादार ग्रुपले स्वदेशी सुपरमार्केट सञ्चालनमा ल्याएको छ ।

स्थानीयस्तरमा उत्पादित सामग्री राखेर स्वदेशी सुपरमार्केट सञ्चालनमा ल्याएको गुप्ताले बुधवार पत्रकार सम्मेलन गर्दै जानकारी दिए । उनकाअनुसार स्वदेशी सुपरमार्केट आज बिहीवारदेखि औपचारिक रुपमा सञ्चालनमा आउने भएको हो । हेटौंडा उपमहानगरपालिका-२, स्थित कान्तिराजपथ जमादार ट्रेडिङकोभित्र स्वदेशी सुपरमार्केट तयारी अवस्थामा छ । सुपरमार्केटको प्रतिनिधिसभा सदस्यसमेत रहेकी नेपाली कांग्रेसका नेतृ डा. आरजु राणा देउवाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । उद्घाटन समारोहमा क्लाकार वर्षा शिवाकोटी, केकी अधिकारी, हास्य क्लाकार जितु नेपाल र मिस नेपाल २०१० सदिक्षा श्रेष्ठको सहभागिता रहने सुपरमार्केटका सञ्चालक अमित अग्रवालले जानकारी दिए ।

करिब २ करोडको लगानी रहेको सुपरमार्केटमा स्वदेशी सामग्रीहरु पाइने उनले बताए । 'स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनलाई समर्थन गर्ने हाम्रो लक्ष्य हो', उनले भने । सुपरमार्केटमा खाद्यवस्तु, घरायसी सामान, घरको सजावट र व्यक्तिगत हेरचाहको सामग्रीहरु सुपथ मूल्यमा पाउन सकिने जनाइएको छ । मार्केटमा मार्सी चामलदेखि हुम्ला, जुम्लालगायतका पहाडी क्षेत्रमा उत्पादित कृषिउपज पनि बिक्रीमा राखिएको छ ।

**क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना !**

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा विरामीले बिलबमोजिम बढीमा पचास हजार रुपैयाँसम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५२९५६३, ९८१५२२४३४३

**कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।



कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्चौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना